# प्रेस विज्ञप्ती

कोभिड-१९ को स्वास्थ्य समस्याका कारण लोक सेवा आयोगको मिति २०७८।१०।६ को निर्णयानुसार आयोगबाट मिति २०७८।१०।११ गतेदेखि २०७८ माघ मसान्तसम्म सञ्चालन हुने निजामती तथा सुरक्षा निकाय तथा संगठित संस्थातर्फका सम्पूर्ण लिखित प्रतियोगितात्मक परीक्षाहरू स्थगित गरिएको र २०७८ फागुन १ पछिका सम्पूर्ण परीक्षाहरू पुनः तालिकीकरण (Rescheduling) गर्ने निर्णय भएकोमा आयोगको मिति २०७८।१०।१९ गतेको निर्णयानुसार **नेपाल सरकारले तोकेका स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (संचालन तथा व्यवस्थापन) मापदण्ड, २०७७ (संशोधन सहित)** पालना गरी आयोगबाट सञ्चालन हुन बाँकी निजामती एवम् सुरक्षा निकाय तथा सङ्गठित संस्थातर्फको सम्पूर्ण लिखित प्रतियोगितात्मक परीक्षाहरू २०७८ फागुन १ गते देखि परीक्षा सञ्चालन हुने निर्णय भई निजामतीतर्फका आयोगको केन्द्रीय कार्यालयबाट सञ्चालन हुने रा.प. द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक/प्राविधिक), स्वास्थ्य सेवातर्फ नवौं तह, रा.प. तृतीय श्रेणी (प्राविधिक) शाखा अधिकृत वा सो सरह, स्वास्थ्य सेवातर्फ सातौं र आठौं तहको परीक्षा कार्यक्रम प्रकाशन गरिसकिएको छ । यस अघि आयोगबाट सञ्चालन हुने भनी तोकिएका २०७८ साल फागुन १ गते देखिका निजामती सेवातर्फका विभिन्न विज्ञापनका परीक्षाहरू यसै कार्यक्रम बमोजिम सञ्चालन हुनेछन् । सुरक्षा निकाय तथा सङ्गठित संस्थातर्फको परीक्षा कार्यक्रम शीघ्र प्रकाशन गरिनेछ । साथै आ.व. २०७६।७७, २०७७।७८ र २०७८।७९ का विज्ञापनहरूमध्ये सम्मानित सर्वोच्च अदालत र उच्च अदालतमा कर्मचारी समायोजन लगायतका विषयमा अदालतमा रीट निवेदन परी अदालतको आदेशानुसार स्थगित गरिएका सम्पूर्ण परीक्षाहरू सम्मानित अदालतबाट आदेश प्राप्त हुनासाथ शीघ्र कार्यक्रम प्रकाशन गरी परीक्षा कार्यक्रम अगाडि बढाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तोयनारायण सुवेदी
सहसचिव एवम् प्रवक्ता

२०७८ साल माघ २१ गते